म.जि.प्र.का दर्ता नः
१०४/०६७/०६८

समृद्धि प्रकाशन प्रा. लि.
हेटौंडा, मकवानपुर

म.जि.हु.का.द.नं.
३०/०६५/०७०

बागमती प्रदेशको राजधानी हेटौंडाबाट प्रकाशित लोकप्रिय 'क' वर्गको समाचारपत्र

समृद्ध समाज

SAMRIDDHA SAMAJ NATIONAL DAILY राष्ट्रिय दैनिक

वर्षः१५ अङ्कः- ३० २०८० पुस १ गते आइतबार 17 December 2023, Sunday - पृष्ठ ४ मूल्य रू. ५/-

गुणस्तरीय अनि विश्वसनीय प्रयोगशाला

QRL (Qualified Reference Lab)

हामीकहाँ थाइराइड, बायप्सी, रुटिन टेस्ट, भिटामिन जाँच, क्यान्सर मार्करलगायत प्रयोगशाला सेवा रहेका छन् । हरेक महिनाको अन्तिम शनिबार थाइराइड परीक्षणमा ५० प्रतिशत छुट, फास्टिङ तथा पीपीमा सुगर टेस्ट फ्रि ।



**सम्पर्क** ०५७-५९०९७७

QRL (Qualified Reference Lab)

हेटौंडा-१, ब्लडबैंकअगाडि

# सरकार मानवसेवा आश्रमको अभिभावकः प्रधानमन्त्री प्रचण्ड

समाज संवाददाता

हेटौंडाः नेपाल सरकारका प्रधानमन्त्री पुष्पकमल दाहाल प्रचण्डले सरकारले मानवसेवा आश्रमलाई अभिभावकत्व प्रदान गर्ने प्रतिबद्धता व्यक्त गर्नुभएको छ । मानवसेवा आश्रमबाट भएको कामलाई विस्तार गर्न सातवटै प्रदेशमा भवन निर्माण, उद्धारका लागि सवारी साधन व्यवस्थापनका लागि स्थानीय, प्रदेश र संघीय सरकारको तर्फबाट पहल गर्ने आश्वासन पनि प्रधानमन्त्रीले दिनुभएको छ । शनिबार हेटौंडा-९, लामसुरेधापमा निर्माण भएको आश्रमको भवन उद्घाटन गर्नुहुँदै गर्दै प्रधानमन्त्री प्रचण्डले यस्तो बताउनुभएको हो ।

सडकमानव उद्दार गरी पालनपोषण गर्ने तथा पारिवारिक रुपमा पुनर्मिलन गराउने उद्देश्यले क्रियाशील मानवसेवा आश्रमको हेटौंडामा मुख्यालय निर्माण गरिएको छ । आश्रममा आश्रित नागरिकलाई प्रतिव्यक्ति प्रतिमहिना १० हजार रुपियाँका दरले राज्यले नगद उपलब्ध गराउनका लागि व्यवस्थापनको जिम्मेवारी लिने प्रधानमन्त्री प्रचण्डले बताउनुभयो । संघर्षपछि नागरिकको प्रत्यक्ष सहभागितामा निर्माण भएको नेपालको संविधानले नेपाली जनतालाई सार्वभौम बनाएको बताउँदै शिक्षा, स्वास्थ्य र रोजगारीलाई मौलिक हकको रुपमा राखिएको उहाँको भनाई छ । संविधानको अधिकार कार्यान्वयन हुने क्रममा रहेको बताउँदै संविधानले दिएको काम मानवसेवा आश्रमले गरिरहेको उहाँको भनाइ थियो ।

कार्यक्रममा सम्बोधन गर्दै बागमती प्रदेशका मुख्यमन्त्री शालिकराम जम्कट्टेलले



*मानवसेवा आश्रमको भवन उद्घाटन गर्नुहुँदै प्रधानमन्त्री पुष्पकमल दाहाल प्रचण्ड ।*

बागमती प्रदेश सरकारले ४० लाख रुपियाँ बजेट बिनियोजन गरेको जानकारी दिँदै आवश्यक समन्वय गरी काम गर्ने बताउनुभयो । आगामी दिनमा आवश्यकता अनुसार आश्रमलाई सहयोग गर्न तयार रहेको बताउँदै प्रदेश सरकार गरिब, असहायका लागि प्रदेश सकार स्रोत र साधनले भ्यायसम्म सहयोग गर्ने उहाँले प्रतिवद्धता व्यक्त गर्नुभयो । मुख्यमन्त्री जम्कट्टेलले सरकारको ध्यान मानवसेवामा भएको प्रमाण नै प्रधानमज्त्री स्वयम् यो कार्यक्रममा उपस्थित हुनुले जनाएको बताउनुभयो । प्रदेश सरकारले मानवीय सेवामा कार्य गर्दै आएकोले आश्रम व्यवस्थापनका लागि बजेट विनियोजन गरेको बताउनुभयो । कार्यक्रममा बागमती प्रदेशका सामाजिक विकास मन्त्री कुमारी मोक्तानले सडकमानवमुक्त प्रदेश बनाउने अभियानमा प्रदेश सरकार लागी पर्ने बताउनुभयो । आश्रममा बृद्धबृद्धा, गरिब, असहायलाई आश्रमलले साहारा दिने भएकाले सरकारले साथ दिएर अगाडि बढ्नुपर्ने बताउनुभयो । आश्रममा जन्म लिएका बालबालिकाको नागरिकताको सवालमा कानून निर्माण वा संशोधन गर्न आवश्यक रहेको उहाँको भनाइ छ ।

बागमती प्रदेशसभा सदस्य एवम् नेपाली काँग्रेस बागमती प्रदेश सभापति ईन्द्रबहादुर बानियाँले मानवसेवा आश्रमको माध्यमले हेटौंडाबाट मानवतावाद फैलने बताउँदै राजनीति गर्ने नेतृत्वले पनि मानवतावादी राजनीति गर्नुपर्नेमा जोड दिनुभयो । देशका सबैभन्दा ठुलो मानवतावाद भएको बताउँदै सबै राजनीतिक दल मिलेर सडकमानवमुक्त राज्य निर्माणमा लाग्नुपर्ने उहाँले बताउनुभयो । हेटौंडा उपमहानगरपालिका कार्यवाहक नगरप्रमुख राजेश बानियाँले हेटौंडाको पहिचानको रुपमा रहेको आश्रमले मानवताको प्रवर्द्धन गरेको बताउँदै पालिकाले आश्रमको अभियानलाई निरन्तर सहयोग गर्ने प्रतिवद्धता व्यक्त गर्नुभयो । हेटौंडा बजारको २५ मिटर समस्या आइरहेकोले समस्या समाधानका लागि प्रधानमन्त्री प्रचण्ड समक्ष उहाँले आग्रह गर्नुभयो ।

एक गाँस भोजन र एक सरो कपडाको अभावमा कष्टपूर्ण जीवन बिताउन नपर्ने अवस्था निर्माण गर्ने दृढ संकल्पसहित २०६९ साल भाद्र १३ गते मकवानपुर जिल्ला हेटौंडाबाट शुभारम्भ भएको मानवसेवा आश्रम ७ प्रदेशको विभिन्न १९ वटा जिल्लामा २४ वटा सेवा केन्द्रहरु सञ्चालनमा छन् । नेपालमा बागमती प्रदेशमा ६ वटा, गण्डकी प्रदेशमा ५ वटा, लुम्बिनी प्रदेशमा ४ वटा, मधेश प्रदेशमा ३ वटा, कोशी प्रदेशमा एक कर्णाली, प्रदेशमा एक र सुदुरपश्चिम प्रदेशमा १ वटा मानवसेवा आश्रम रहेको छ ।

मानवसेवा आश्रम हेटौंडामा २१ जना बालबालिका, ७६ जना महिला र १०७ जना पुरुष गरी २०४ जना आश्रित छन् । हालसम्म आश्रमले १ हजार ५ सय ८१ जना उद्दार गरेकोमा ८ सय ३६ जनाको पारिवारिक पुनर्मिलन भएको, १ सय ८४ जनाको शरीर शान्त, ४ सय २० जनाले स्वेच्छाले आश्रम छाडेको, ५१ जनाको सामुदायिक पुनर्मिलन गरेको र ३४ जनाको पुनः उद्दार गरेको छ । केही समयअघि मानवसेवा आश्रम हेटौंडाले मेची-महाकाली अभियान सञ्चालन गरी ३०२ जना सडकमानवको उद्दार गरेको थियो ।

# शिक्षकको परीक्षा लिँदै मनहरी गाउँपालिका



*पालिकाले लिएको सक्षमता परीक्षामा सहभागी शिक्षकहरु ।*

समाज संवाददाता

हेटौँडाः सामान्यतः सेवा प्रवेशपछि शिक्षकले परीक्षा दिनुपर्ने अवस्था रहँदैन । तर, मकवानपुरको मनहरी गाउँपालिकाले शिक्षकको परीक्षा लिएको छ । पालिकाले लिएको परीक्षामा सहभागी कुनै पनि शिक्षक उत्तीर्ण या अनुत्तीर्ण हुने छैनन् । मनहरी गाउँपालिकाले निजी स्रोतमा कार्यरत पालिकाका शिक्षकको वर्गीकरण गरेर उनीहरुको क्षमता विकासका लागि आवश्यक तालिम सञ्चालन गर्न परीक्षा लिएको जनाएको छ ।

पालिकाका ३२ वटा सामुदायिक विद्यालयमा कार्यरत निजी स्रोतका ५५ जना शिक्षकको परीक्षा नै लिएर सक्षमता परीक्षण गरिँदैछ । शनिबार मावि र निमावि तहमा कार्यरत २० जना शिक्षकको लिखित परीक्षा र अन्तरवार्ता लिएर सक्षमता परीक्षण गरिएको छ भने आइतबार प्राथमिक तहका शिक्षकको सक्षमता परीक्षणको कार्य हुने मनहरी गाउँपालिकाको शिक्षा शाखाका प्रमुख प्रदीप पराजुलीले जानकारी दिनुभएको छ । दसैं अघि नै शिक्षकहरुलाई सक्षमता परीक्षणका लागि परीक्षा हुने जानकारी गराएर आवश्यक तयारी गर्न भनिएको पराजुली बताउनुहुन्छ । "शिक्षकको सक्षमता परीक्षण गरेर आवश्यकताअनुसारको क्षमता विकासका कार्यक्रम सञ्चालन गर्ने तयारी गरिएको हो", पराजुलीले भन्नुभयो, "एक महिनाअघि परीक्षाको मिति तय गरिएको थियो । पहिलो दिनको परीक्षामा निमावि र मावि तहका सबै शिक्षकको सहभागिता रहेको छ । आइतबार पनि प्राथमिक तहका सबै शिक्षकको सहभागिता रहेन विश्वास गरेका छौं ।"

गाउँपालिकाका स्रोत शिक्षक विदुर थापाका अनुसार निजीस्रोतका शिक्षकको सक्षमता परीक्षण गरी दुई तहमा स्तरीकरण गरेर सोहीअनुसार पूर्ण र आंशिक तालिम प्रदान गरिनेछ । पालिकाले चालु आर्थिक वर्षको बजेटमा शिक्षक अनुदान व्यवस्थापन भनेर बजेट समेत छुट्याएकोले निजी स्रोतका शिक्षकको सुविधामा एकरुपताको विषयमा पनि आवश्यक काम गर्ने उल्लेख गर्नुभएको छ ।

६ जना विज्ञ शिक्षकमार्फत निजी स्रोतका शिक्षकको वर्गीकरण गरी विज्ञ शिक्षककै सुझावका आधारमा क्षमता विकासका लागि आवश्यक तालिमको व्यवस्थापन गरिने शिक्षा शाखा प्रमुख पराजुलीले स्पष्ट पार्नुभएको छ । निजी स्रोतका शिक्षकको क्षमता विकासका लागि लिइएको परक्षामा मनहरी गाउँपालिका ३ नम्बर वडा अध्यक्ष एवम् सामाजिक विकास समिति संयोजक अनन्त प्रकाश अर्यालले पनि अवलोकन गर्नुभएको छ ।

# जिल्ला लिग छनोटको उपाधि बकैया युथलाई

समाज संवाददाता

हेटौंडाः मकवानपुर जिल्ला फुटबल संघले आयोजना गरेको जिल्ला लिग छनोट फुटबल प्रतियोगिताको उपाधि बकैया युथ क्लबले जितेको छ । हेटौंडा-५, पिप्लेस्थित पिप्ले-क्याम्पा रंगशालामा भएको फाइनल खेलमा पञ्चशील युवा क्लबलाई ४-० गोलअन्तरले हराउँदै बकैयाले उपाधि हात पारेको हो । छनोट प्रतियोगिताको उपाधि विजेता र उपविजेता दुबै टिमले आगामी जिल्ला लिग फुटबल प्रतियोगिता खेल्नेछ ।

जिल्लास्तरीय क्लबको मान्यतासहित जिल्ला लिग खेल्ने नयाँ टिम छनोटका लागि प्रतियोगिता आयोजना गरिएको मकवानपुर जिल्ला फुटबल संघले जनाएको छ । आगामी जिल्ला लिगदेखि पुछारका दुई टिम जिल्लास्तरीय लिगमा पनि घटुवा (रेलिगेसन) मा पर्नेछ । शनिबार सम्पन्न फाइनल खेलमा बकैयाको तर्फबाट पहिलो हाफमा अभिषेक भोलनले टिमलाई आग्रता दिलाएका थिए । यस्तै, दोस्रो हाफमा



*उपाधिसाथ बकैया युथ क्लबका खेलाडीहरु ।*

भोलनले नै थप एक गोल गर्दै अग्रतालाई कायम राखेका थिए । दोस्रो हाफमै सुजन गुरुङ र छेवाङ लामाले समान १-१ गोल गर्दै टिमलाई सहज जित दिलाएका छन् । म्यान अफ द म्याच बकैयाबाट सुजन गुरुङ घोषित भए । प्रतियोगितामा १२ वटा टिमको सहभागिता रहेको थियो । प्रतियोगिताको उपाधि विजेता र उपविजेता टिमले शिल्ड, मेडल तथा प्रमाणपत्र प्राप्त गरेका छन् ।

मकवानपुर जिल्ला फुटबल संघका अध्यक्ष टीकाराम लामाको सभाध्यक्षता तथा बागमती प्रदेशको सामाजिक विकास मन्त्री कुमारी मोक्तानको प्रमुख आतिथ्यमा पुरस्कार वितरण कार्यक्रम भएको छ । पुरस्कार वितरण कार्यक्रममा बकैया गाउँपालिकाका अध्यक्ष धर्मराज लामिछाने, बकैया खेलकुद विकास समिति अध्यक्ष विजय लामा थिङलगायतको उपस्थिति रहेको थियो ।

बुधबार भएको सेमिफाइनल खेलमा पञ्चशील युवा क्लबले जनहित युवा क्लबलाई ३-० गोलअन्तरले पराजित गर्दै फाइनलमा प्रवेश गरेको थियो भने बिहीबार भएको सेमिफाइनल खेलमा बकैयाले जनप्रवाह युवा क्लबलाई १०-० गोलअन्तरले पराजित गर्दै फाइनलमा प्रवेश गरेको थियो । मकवानपुर जिल्ला फुटबल संघका सदस्य आलोक स्याङ्तानको संयोजकत्वमा प्रतियोगिता भएको हो ।

# बालहिंसा अन्त्यसम्बन्धी वक्तृत्वकला सम्पन्न

समाज संवाददाता

हेटौंडाः हेटौंडा उपमहानगरपालिका १६ नम्बर वडा कार्यालय बाल सञ्जालको आयोजनामा वक्तृत्वकला प्रतियोगिता भएको छ । शनिबार १६ नम्बर वडा कार्यालयको आर्थिक सहयोगमा बालहिंसा अन्त्यका लागि बालबालिकाको भूमिका विषयमा वक्तृत्वकला भएको हो ।

वक्तृत्वकला कार्यक्रममा रेडरोज सेकेण्डरी स्कूलका छात्र कृशल गौतम प्रथम, जनप्रिय मावि कक्षा ९ की छात्रा बिबिशा खड्का द्वितीय, एरिना चौलागाई तृतीय र पूजना न्यौपाने सान्त्वना भएका हुन् । हेटौंडा उपमहानगरपालिका-१६ का वडा अध्यक्ष एवम् उपमहानगरपालिकाका सामाजिक विकास संयोजक रामकृष्ण कोइरालाको प्रमुख आतिथ्य तथा वडा बाल सञ्जाल हेडौंडा-१६ का अध्यक्ष प्रख्यातमान लोको सभाअध्यक्षतामा कार्यक्रम भएको हो । कार्यक्रममा वडा बालमैत्री सम्पर्क व्यक्ति एवम् वडा सदस्य गुरुप्रसाद ढकाल, वडा सदस्य राजन दाहाल, चेतनशील दुग्ध उत्पादक सहकारी संस्थाका अध्यक्ष महेश ढकाल, जनप्रिय मावि व्यवस्थापन समिति सदस्य कृष्णप्रसाद पनेरु, नेपाली कांग्रेस हेटौडा-१६ का सभापति सोमनाथ दंगाल, वडा बालमैत्री सहजकर्ता सुजता धिमालगायतको उपस्थिति रहेको थियो ।

के तपाइँ आफ्नो व्यवसायको विज्ञापन गरेर व्यावसायिक प्रवर्द्धन गर्न चाहनुहुन्छ ? यदि त्यसो हो भने सम्पर्क गर्नुहोस्
०५७-५२६८३०

Email:sambridhasamaj@gmail.com

## सम्पादकीय

# पठन संस्कृतिको विकास

सूचना प्रविधिको सहजता र सामाजिक सञ्जालहरुको व्यापकतासँगै मानिसमा पत्रपत्रिका तथा म्यागेजिनसहित सबै प्रकारका पुस्तकहरु पढ्ने बानी कम हुँदै गएको छ । पढ्ने बानीमा आइरहेको ह्रासबाट विद्यालय तथा विश्वविद्यालयका विद्यार्थी पनि अछुतो छैनन् । विद्यार्थी, शिक्षक, कर्मचारी, साहित्यकार, पत्रकार, कलाकार, राजनीतिज्ञ, व्यवसायी, विभिन्न पेसाकर्मी सबैलाई पठनपाठनको उतिकै महत्व छ । आफ्नो वृत्ति विकास तथा नवीन ज्ञान प्राप्त गर्नका लागि सान्दर्भिक विषयवस्तु र पुस्तक पढ्नु अत्यावश्यक भए पनि पछिल्लो समय पढ्ने बानीका साथै पढ्नुपर्छ भन्ने भावनासमेत कमजोर बनिरहेको छ । विशेषगरी पाठ्यक्रममा आधारित पाठ्यपुस्तक अध्ययन गरेर निर्धारित परीक्षा उत्तीर्ण गर्नुपर्ने विद्यार्थीमा समेत पठन संस्कृतिको ह्रास हुँदै जानु चिन्ताजनक मान्नुपर्छ । आमरुपमा सचेतना र साक्षरता बढ्दै गए पनि पुस्तक पढ्ने संस्कृति हराउँदै गएकोमा सचेत नागरिक चिन्तित बन्नुपर्ने देखिएको छ ।

हेटौंडाबाट प्रकाशन हुँदै आएको समृद्ध समाज राष्ट्रिय दैनिकले पठन संस्कृतिको विकासका लागि सक्दो प्रयास गर्दै आएको छ । दैनिकको १४ औं वार्षिकोत्सवको अवसरमा हेटौंडा अस्पताललाई पुस्तक हस्तान्तरण गरेर पठन संस्कृतिको प्रवर्द्धनमा थप कदम बढाएको छ । विगतका वर्षहरुमा पनि वार्षिकोत्सवमा आमन्त्रित अतिथि र सहभागीलाई एक-एक वटा पुस्तक उपहार प्रदान गर्ने गरेको थियो । १४ औं वार्षिकोत्सवको अवसरमा शुक्रबार चियापान कार्यक्रमको आयोजना गरेर दैनिकले २५ हजार रुपैयाँ बराबरको करिब एक सय वटा पुस्तक हेटौंडा अस्पताललाई सहयोग गरेको हो । अस्पतालमा उपचाररत बिरामी र कुरुवालाई अध्ययनको अवसर प्रदान गर्नुका साथै पठन संस्कृतिको समेत विकास हुने अपेक्षासहित अस्पताललाई पुस्तक हस्तान्तरण गरिएको छ । वार्षिकोत्सवमा आयोजित चियापन कार्यक्रममा सहभागी हुने आमन्त्रित अतिथिहरुले पनि अस्पतालमा पुस्तक हस्तान्तरण कार्यक्रमप्रति समर्थन जनाउँदै एक सय थान पुस्तक हस्तान्तरण गरेका छन् । पठन संस्कृतिको विकासकै लागि विद्यालय तहका विद्यार्थीलाई नियमित समृद्ध समाज दैनिक पढाउने अभ्याससमेत गरिँदै आएको छ ।

सबै साक्षर व्यक्तिले आ-आफ्नो आवश्यकता र रुचिअनुसारको पुस्तक पढ्नु आवश्यक हुन्छ । फुर्सदको हरेक पलमा समेत मानिसले पुस्तकलाई साथी बनाउन सकेमा त्यसबाट प्राप्त हुने ज्ञान तथा सन्तुष्टिले मानिस समृद्ध बन्दै जान्छ । पुस्तक पढ्ने बानीको विकास हुँदै जाँदा व्यक्तिमा पढ्ने इच्छा वा भोक पनि बढ्दै जान्छ । हरेक पुस्तक आफैंमा ज्ञानको भण्डार हो । दिनहुँजसो नयाँ-नयाँ साहित्यिक कृति तथा विभिन्न उपयोगी पुस्तकहरु थपिइरहेका हुन्छन् । यसले गर्दा पढ्न चाहनेका लागि पुस्तकको अभाव हुँदैन । एउटा पुस्तक पढेर नसक्दै अर्को नयाँ पुस्तक थपिइसकेको हुन्छ । छापिएका र आफूलाई आवश्यक भएका सबै पुस्तक पढ्ने सहजता नभए पनि इच्छाशक्ति भएमा पढ्ने पुस्तकको अभाव हुँदैन । उपयुक्त पुस्तक पसलबाट खरिद गरेर, विभिन्न पुस्तकालयमा गएर वा पठनपाठनप्रति रुचि भएका साथीभाइ, आफन्तसँग साटफेर गरेर पनि पढ्ने पुस्तक जुटाउन सकिन्छ ।

फुर्सदको समयमा बालबालिकादेखि बृद्धबृद्धासम्म मोबाइल वा टिभीमा रमाउने क्रम बढ्दै गएका कारण पुस्तकबाट टाढिँदै गएको यथार्थ हो । पठन संस्कृतिको विकासका सार्वजनिक सेवा प्रवाह गर्ने हरेक निकायमा पुस्तक पढ्ने व्यवस्था हुनुपर्छ । समृद्ध समाजले हेटौंडा अस्पताललाई हस्तान्तरण गरेको पुस्तकलाई अस्पतालका विभिन्न वार्डमा भर्ना भएर सञ्चो हुँदै गएका बिरामी तथा बिरामीको हेरचाह गर्ने कुरुवाले सहजरुपमा पढ्न सक्ने व्यवस्था हुनुपर्छ । पठन संस्कृतिको विकास नभएसम्म समाजको वास्तविक रुपान्तरण हुन नसक्ने भएकाले महत्वपूर्ण ज्ञानको भण्डार पुस्तक तथा पत्रपत्रिका पढ्ने बानीको विकास आवश्यक छ । पछिल्लो समय सामाजिक सञ्जालको प्रयोग गर्नेहरुले संसारै त्यसैमा रहेको ठान्ने गरे पनि यथार्थ त्यस्तो हुँदैन । सामाजिक सञ्जालहरुमा आउने समाचार तथा सूचना सतहीरुपमा आउँछन् । सामाजिक सञ्जालका सूचना विश्वसनीयसमेत हुँदैनन् । हातमै रहेको मोबाइलबाट प्रारम्भीक र छोटो जानकारी पाउन सकिए पनि आफ्नो ज्ञानको दायरालाई व्यापक बनाउन र विस्तृत जानकारी हासिल गर्न पत्रपत्रिका वा पुस्तक पढ्नु आवश्यक हुन्छ ।

## महत्वपूर्ण फोन नम्बरहरु

| | |
|---|---|
| जिल्ला प्रशासन कार्यालय ५२०४९५ | फापरबारी इलाका ६२१९८० |
| जिल्ला प्रहरी कन्ट्रोल १०० | चित्लाङ इलाका ६२१००० |
| ट्राफिक प्रहरी १०३ | वारुण यन्त्र १०१ |
| वडा प्रहरी ५२०२९९ | बालबालिका खोजतलास केन्द्र १०४ |
| पशुपतिनगर इलाका ५२०५९८ | बाल हेल्पलाइन १०९८ |
| मनहरी इलाका ९८५५०९०१६१ | हेलो सरकार ११११ |
| भीमफेदी इलाका ६९१४६२ | नेपाल टेलिकम सोधपुछ १९७ |
| पालुङ इलाका ६२०४६७ | |

## तपाईको राशिफल



पं. ज्योतिषः तोयानाथ सुवेदी
ॐ तुलसी मेडीकल हल, हेटौंडा-८, कमाने
सम्पर्क : ९७४५०२८५५५

**मेष** : पढाइलेखाइको काममा मन जाने समय छ ।
**वृष** : सवाधी साधन र हातहतियारबाट बच्दा राम्रो होला ।
**मिथुन** : साझेदारी र सहकार्यका लागि उपयुक्त समय छ ।
**कर्कट** : कार्य क्षेत्रमा ठोस र उपल्बधी हात पर्ने छ ।
**सिंह** : ज्ञानको क्षेत्रलाई बढाइने समय छ ।
**कन्या** : पारिवारीक चासो बढ्ने समयको योग छ ।
**तुला** : परिश्रमले सफलता हात पर्ने छ ।
**वृश्चिक** : पढाई लेखाइको काममा मन जानेछ ।
**धनु** : नयाँ योजना कार्यन्वयन हुने समय छ ।
**मकर** : प्रज्ञिक क्षेत्रलाई तिखार्न सकिने योग छ
**कुम्भ** : परिवारीक वातावरण रमणिय र आन्नद होला ।
**मीन** : मिहेनतले लक्ष्य प्रप्तिका कामहरु सम्पादन हुनेछ ।

# आजका विद्यार्थी र सिकाई विधिहरु



राजुप्रसाद गौतम

सिकाईको उत्तेजना र प्रतिक्रिया प्राप्त गर्ने विश्वसनीय तरिका सिकाई शैली हो । यो एउटा यस्तो शैक्षिक अवस्था हो जसमा रहेर विद्यार्थीले सबैभन्दा आनन्दले सिक्छन् । व्यक्तिले सिकाइका लागि प्रयोग गर्ने विधिलाई सिकाई शैली भनिन्छ । यो ज्ञान प्राप्तिको अभ्यस्तर भिन्न सिकारुको रुचिको ढाँचा हो । यो प्रतिस्पर्धा र प्रतियोगीको सिद्धान्तको विस्तारको शृङ्खला हो जसको उद्देश्य व्यक्तिको सिकाइका लागि भिन्नता जिम्मेवार हुन्छ भन्ने हुन्छ । प्रत्येक बालबालिकाहरुको सिकाइशैली फरक-फरक हुनसक्छ। बालक स्वयम् तथा शिक्षकले उनीहरुको सिकाइशैलीको पहिचान र वर्गीकरण गरुन् र सोही अनुसारको शिक्षणशैलीको प्रयोग सिकाइमा होस् भन्ने उद्देश्यले यो लेख तयार गरिएको छ ।

लेखक बुद्धिसागरले लेखाइको सीपका लागि लेख्दै मेट्दै, पुनः लेख्दै, पुनः सम्पादन गर्दै सिकिन्छ भनेका छन् भने मुराकामीले हिँड्दै जाँदा सिर्जना फुर्छ भनेका छन् । त्यस्तै पाउलो कोएलोले परिस्थितिले सिर्जना फुराउँछ भनेका छन् । यसबाट सिक्ने शैली आ-आफ्नो हुन्छ भन्न सकिन्छ ।

बेन्जामिन फ्राङ्क्लिन बालकको सिक्ने शैली र प्रभावको बारेमा यसो भन्छन्, "शिक्षकले भन्छ बालकले बिर्सन्छ, पढाउँछ, सम्झन्छ र जब समावेश गरिन्छ सिक्छ ।" त्यस्तै कन्फ्युसियसका अनुसार, "सुन्छ-बिर्सन्छ, हेर्छ-सम्झन्छ र गर्छ-बुझ्छ/सिक्छ ।" इग्नासियोस्ट्राकाले जोड दिँदै भनेका छन्, "यदि बालकले शिक्षण ढाँचाबाट सिकेन भने सिकारुको सिकाइको ढाँचाबाट सिकाउनु पर्छ। "प्रत्येक सिकारुको आ-आफ्नै सिकाइ ढाँचा र संरचना हुन्छ। बालकले वातावरणको अवलोकन, बस्तुहरुको म्यानुपुलेटिङ, अनुकुलन, तर्कनिर्माण, परिकल्पना परीक्षण र निश्कर्ष निकाली नयाँ ज्ञानको निर्माण गर्दछ। भिगोत्स्किले "स्वयम् बालकको विगतका अनुभव र ज्ञानहरुको आधारमा नयाँ अनुभव निर्माण गर्दछ, उक्त अनुभव, सामाजिक अन्तरक्रिया र भाषाको साझेदारीबाट सार निकाल्दै, प्रश्न गर्दै, स्पष्ट पार्दै, अनुमान गर्दै मानवीय क्षमता विकासका चरणहरु पूरा गरि ज्ञान र सीप हासिल गर्दछ भनेका छन् ।

इरेन ग्रुबेलले भनेका छन्, "जब तिमी धेरै यान्त्रिक हुन्छौ विद्यार्थीले तिम्रो बाजा बजाउँछन् त्यसैले म जहिले पनि फरक सिकाइ नमूनाको प्रयोगको कोशिश गर्दछु जुन सुनेर, देखेर, गरेरजस्ता जीवन सिकाउने शैली हुन सक्छन् ।" यसरी उनले विद्यार्थीका सिकाइशैली अनुसार शिक्षण गर्नु भन्ने स्पष्ट सङ्केत गरेका छन् ।

सिकारुका सिकाइशैलीका प्रमुख नमूनाहरुमा एउटा डेविल्ट कोल्वको नमूना अनुभवमा आधारित छ। जसमा अनुभवबाट अवलोकन, अवलोकनबाट अवधारणा निर्माण, अवधारणा निर्माणबाट प्रयोगात्मक परीक्षण र पुनः अनुभव निर्माणबाट सिकाइ हुन्छ भनिन्छ । उनले समायोजक-प्रयोगात्मक कार्य गर्ने व्यक्ति, सम्मिलित कर्ता-प्रयोग गर्ने व्यक्ति, बिचलक-परिकल्पनात्मक क्षमता र छलफल गर्ने व्यक्ति र आगमनात्मक चेत र सिर्जना जस्ता सिकाइका चार शैलीहरु प्रस्ताव गरेका थिए ।

पिटर हनी र एलान मुम्फोर्ड नमूनाको पहिलो चरणमा व्यवस्थापकीय अनुभव, पुनरावलोकन, निश्कर्ष निकाल्ने र योजना निर्माण गर्ने हुन्छ भने दोस्रो चरणमा कर्मवादी, विचारक, सिद्धान्तकार, व्यवहारवादी जस्ता प्रकृतिका सिकाइशैली हुन्छन् भनी व्याख्या गरे । बाल्टर वुर्के कलेजर्सको नमूनामा दृश्यात्मक, श्रवणात्मक र प्रयोगात्मक पक्षको पहिचान गरी त्यसै अनुरुपको सिकाइको ढाँचा विकास गरेका छन् । निल फ्लेमिङ्को VAK/VARK नमूनाले चार सम्वेदक नमूनाहरु प्रस्तुत गरे । ती सिकाइशैलीहरु दृश्य सिकाइ, श्रवण सिकाइ, भौतिक तथा शारीरिक सिकाइ र सामाजिक सिकाइ रहेका छन् ।

ग्रासा र रिइचम्यानको सिकाइको शैलीमा सहभागी, प्रतियोगी, सहयोगी, आश्रित, अनाश्रित अलगाव जस्ता तत्वहरु पर्दछन् भने ल्वक्ए मोडेलमा सज्ञानात्मक ढाँचा-प्रत्यक्षीकरण, संगठन र अवधारणा भावनात्मक ढाँचा-प्रेरणा र व्यक्तित्व-लिङ्गीय फरकपन, स्वास्थ र पोषण, प्रतिक्रिया, प्रकाश, आवाज र तापक्रम आदि पर्दछन् ।

कक्षाकोठामा सिकाइका लागि मेरिली स्प्रेन्जरले शिक्षक पनि सिकारु हुन सक्छ र सिकारु पनि शिक्षक हुन सक्छ, उपयुक्त परिस्थिति भयो भने जो पनि सिक्न सक्छ र सिकाइ मनोरञ्जनपूर्ण हुन्छ त्यसलाई मनमोहक बनाउनु पर्छ भन्ने जस्ता तीनवटा मान्यताको आधार प्रस्तुत गरेका छन् ।

हवन्ड गार्डनर (१९८३) ले बहुवौद्धिकताको नमुनामा बालकले आठ तरिकालेः साङ्केतिक, दृश्यात्मक-क्षेत्रीय, शाब्दिक-भाषिक, तार्किक-गणितीय, शारीरिक-गतिशील, अन्तरवैयक्तिक, अन्तवैयक्तिक, प्राकृतिक जस्ता बहुवैद्धिक क्षमता विकास गर्दछ भनेका छन् ।

यी सबै नमूनाको अध्ययनको निष्कर्षमा के भन्न सकिन्छ भने कुन प्रकृतिको ढाँचाको शैलीको सिकारु हो पहिचान गरेर वर्गीकरण गर्ने र त्यसैको आधारमा उसको सिकाइशैली अनुसार सामग्री, विधि र पद्दतिको छनोट गरी प्रभावकारी शिक्षण गर्दा मात्रै अपेक्षित उपलब्धि हासिल हुने कुरामा शिक्षाविद् र शैक्षिक अनुसन्धानकर्ता एकमत देखिन्छन् । सिकारुका लागि कुनै एक, दुई वा बहुशैली उपयुक्त हुनसक्छ भने शिक्षकका लागि भने सबै शैलीको प्रयोगको ज्ञान र सीप हुनु बान्छनीय हुन्छ । सिकाइशैली तय भएको हुँदैन, त्यो त परिस्थिति, उद्देश्य शर्तमा निर्भर गर्दछ । त्यसैले प्रत्येक बालकको पेज-पेज अध्ययन गरी उसको सिकाइशैली पत्ता लगाएर त्यही अनुसारको सिकाइको वातावरण निर्माण शिक्षकले गर्नुपर्छ ।

**सिकाइका विविध शैलीहरु हुन्छन् । यहाँ सिकाइका प्रमुख आठ शैलीहरुको व्याख्या गरिएको छः**

**१) श्रवण सिकाइ शैली**ः जुन सिकारुहरु सुनेर सिक्न मन पराउछन् । ध्वनि र संगीत बढी रुचाउँछन् । पढेर, लेखेर, देखेर भन्दा सुनेर बढी सिक्छन् । त्यस्ता सिकारुलाई श्रवण सिकारु भनिन्छ र त्यस्तो शैलीलाई श्रवण सिकाइशैली भनिन्छ । यस्ता सिकारुहरुले व्याख्यान, चर्चा, भाषण, टेप, रेकर्ड, आदिको माध्यमबाट ज्यादा सिक्छन् । उनिहरु ध्वनि, लय, आरोह, अवरोह, संगीत, पिच, मिटरप्रति ज्यादै संवेदनशील हुन्छन् । उनिहरु दृश्य चित्र भन्दा ध्वनि सोच्दछन् । सोचाईको तह र चरण हुन्छ । उनीहरु भाषिक पकड र मौखिक परीक्षामा अब्बल हुन्छन् । त्यति मात्र होइन व्यक्तिगत नोट, लय र ध्वनि र संगीतमा पोख्त हुन्छन् ।

अनुसन्धानका अनुसार मस्तिष्कको कन्चटको खण्डले श्रवण सिकाइलाई नियन्त्रित र निर्देशित गरेको हुन्छ । खासगरी दायाँ कन्चटको खण्ड संगीतका लागि महत्वपूर्ण हुन्छ । त्यसैले यस्ता सिकारु र शिक्षकले सिकाइका लागि विशेषगरी यस खण्डको विकास र प्रयोगको अभ्यास गर्नु गराउनु पर्छ ।

**श्रवण सिकारु र शिक्षकलाई आवश्यक सुझावः**

व्याख्यान, कथा, कविता, भाषण र गीत संगीतको माध्यमबाट सिकाइ सहजीकरण गर्ने ।

शब्द खेल र छन्दको उपयोग गरी भाषाको अभ्यास गर्ने ।

विषय र सूचनाहरुलाई स्वर दोहोऱ्याउन लगाउने ।

अक्षरलाई औंलाले देखाई कराएर पढ्ने ।

विद्यार्थीलाई मौखिक सोध्ने र भाषण गर्ने दिने ।

छलफल, बादविवाद, व्याख्या, अन्तरक्रिया भाग लिने ।

बस्तुहरुसँग सम्बन्धित शब्दहरु स्मरण गर्ने ।

टेप रेकर्डर अडियो एवम् समाचार, गीत र संगीत भरपुर सुनेर प्रेरणा सूचना र आनन्द लिने ।

**२) दृश्यात्मक सिकाइ शैली**ः यो सबैभन्दा बढी प्रयोग हुने सिकाइशैली हो । दृश्यहरु मन पराउने, सिनहरु रुचाउने, सुनेर, लेखेर, पढेर भन्दा देखेर बढी सिक्ने सिकारु नै भिजुअल सिकारु हुन र त्यस्तो सिकाइ नै भिजुअल लर्निङ हो भने शैली चाहिँ दृश्यात्मक सिकाइशैली हो । यो सिकाइ दायाँ मस्तिष्कमा हुन्छ । पछाडिको मस्तिष्कको घुचुक्कको खण्डले दृश्य चित्रलाई व्यवस्थापन गर्दछ । यसमा तालुको खण्डको पनि भूमिका हुन्छ ।

यस्तो प्रकारको सिकारुलाई नक्सा, चित्र, ग्राफ, भिडियो, फिल्म, दृश्यात्मक पद्दतिबाट सिकाउँदा प्रभावकारी हुन्छ । बालकले ज्यामिती, अंकगणित, जीवविज्ञान, भुगोल आदिका विषयलाई एक्सेल गर्दछ । उनीहरु परिकल्पनात्मक दृश्यचित्र सम्झिने र सुनेको भन्दा देखेको कुरालाई तुरुन्त प्रशोधन गर्ने प्रकृतिको हुन्छन् । आँखामा आँखा मिलाएर कुरा गर्न रुचाउने र सूचना जानकारीहरुलाई हेरेरै सजिलै मस्तिष्कमा सञ्चय गर्दछन् ।

**दृश्य सिकारु र शिक्षकलाई आवश्यक सुझावहरु :**

फोटो, चार्ट, डायग्राम, नक्सा, समय रेखा जस्ता दृश्य सामग्री देखाएर शिक्षण गर्ने ।

भिडियो, फिल्म, डकुमेन्ट्री, एनिमेटेड स्टोरी, भिजुअल स्टोरीहरु देखाएर शिक्षण गर्ने ।

भाषाका हिज्जे, शब्दार्थ, व्याकरण जस्ता कुराको शिक्षण गर्दा दृश्यात्मक रुप शब्दचित्र, वाक्यचित्र, फ्ल्यास कार्डको प्रयोग गर्ने ।

शान्त, सफा र ध्यानस्थ स्थानका लागि छनोट गर्ने ।

मस्तिष्क म्यापिङ, मस्तिष्क मन्थन र भिजुअलाइजीङका अभ्यासहरु गर्ने ।

रङ र चित्रले शब्दको प्रतिनिधित्व गराउने ।

पाठको महत्वपूर्ण विषयलाई प्रकाश पार्ने ध्यानाकर्षण गराउने ।

अध्ययन गर्दा अन्डरलाइन गर्ने ।

**३) प्रयोगात्मक सिकाइ**ः खासगरी बालबालिकाका लागि यो सिकाइशैली ज्यादै प्रयोग हुन्छ । कार्य गर्न मन पराउने, गति रुचाउने, गरेर, छोएर, घुमेर र शारीरिक क्रियाकलापबाट बढी सिक्ने सिकारुलाई किनेस्थेटिक सिकारु र त्यस्तो सिकाइलाई किनेस्थेटिक सिकाइ भनिन्छ । यस्ता सिकारुहरु हात, शरीर, स्पर्श र सम्पूर्ण शरीर मार्फत सिक्न मन पराउछन् । सानो मस्तिष्क र मोटर कर्टेक्सले शारीरिक गतिलाई संचालन र नियन्त्रण गरिरहेको हुन्छ । यस सिकाइशैली अन्तर्गत अभ्यास गर्ने, कलाको प्रदर्शन गर्ने, हाउभाउ र कार्यबाट सिक्ने गरेर सिक्ने क्रियाकलापहरु पर्दछन् । यस्ता सिकारुले सुनेर, देखेर भन्दा शारीरिक गतिविधि, हात खुट्टाको प्रयोग, स्पर्श, बासना र कार्यबाट बढी सिकाई हासिल गर्दछन् । यस्ता सिकारुहरु पछि गएर नर्स, धावक, संगीतकार, सर्जन, खेलकुद विज्ञ, खेलाडी, कलाकार, डान्सर, शारीरिक शिक्षा शिक्षक, मेकानिक्स, डकर्मी अभिनेता आदि बन्न सक्छ । वास्तवमा यस्तो सिकाइ वास्तविक जीवनमा बहुत कामयावी हुन्छ ।

**प्रयोगात्मक सिकारु र शिक्षकलाई आवश्यक सुझाव :**

सकेसम्म कक्षा कोठालाई नै प्रयोगशाला बनाएर गरेर सिक्ने सिकाइलाइ जोड दिने ।

अभ्यास, आराम र प्रयोगलाई प्राथमिकता दिने ।

डुलेर, घुमेर, खेलेर, कुदेर अध्ययन गर्न दिने जस्तोकी गणित दौड, हिज्जे दौड, खेल, डान्स आदि ।

लडिबुडी गर्ने, विभिन्न शारीरिक आसनमा सुतेर, उठेर, बसेर अवस्था परिवर्तन गराउने पढ्ने र पढाउने ।

प्रोजेक्ट वर्क, फिल्ड वर्क, सामुदायिक सर्वेक्षण, इन्टर्न्सिप, साइमल्टेसन, खेल विधि, प्रदर्शन, प्रयोग, प्रस्तुतीकरण, डान्स, गायन, अभिनय, सक्रिय शारीरिक क्रियाकलापबाट सिक्ने सिकाउने ।

ग्राफ, चित्र, नक्सा, चार्ट बनाउने ।

सिर्जनात्मक कार्य गर्न दिने ।

**४) शाब्दिक सिकाइ शैली**ः शब्दहरु बोलेर, लेखेर, पढेर बढी सिक्ने सिकारुलाई शाब्दिक सिकारु र यस्तो सिकाइलाई शाब्दिक सिकाइ र शैलीलाई शाब्दिक सिकाइशैली भनिन्छ । यो कार्य मस्तिष्कको कन्चट र निधारको खण्डसँग बढी सम्बन्धित हुन्छ । यसमा भाषाको प्रयोग र माध्यमबाट सूचनाहरु ग्रहण र सम्पादन गर्न सिकारु अभ्यस्त हुन्छ । उनिहरु सुनाइ, बोलाइ, पढाइ, लेखाइ जस्ता भाषिक सीप मार्फत सिक्छन् । उनीहरुसँग उत्तम खालको स्मरण क्षमता हुन्छ । यस्ता सिकारुहरु फरक-फरक भाषाको अध्यनमा रुचि राख्छन् र पढेर आनन्दित हुन्छन् । कथा, कविता, नाटक, उपन्यास, लेख लेख्न मन पराउने र लेखेर आनन्दित हुने हुन्छन् । भाषा विषयहरुः नेपाली, अङ्ग्रेजी, हिन्दी, उर्दुआदिको सिकाइमा यो शैली अति प्रभावकारी मानिन्छ ।

**शाब्दिक सिकारु र शिक्षकलाई आवश्यक सुझावः**

नोट लेख्न र पढ्न लगाउने ।

पढ्न, पुनः पढ्न र लेख्न र पुनः लेख्न लगाई प्रशस्त अभ्यास गराउने ।

नोटको सारांश बनाउने ।

अवधारणा सम्झन शब्द सूची वा वाक्य सूची बनाउन लगाउने ।

पर्यायवाची, अनेकार्थी, उल्टो अर्थ दिने शब्द तथा संक्षिप्त शब्दसूची पढ्ने लेख्ने अभ्यास गर्ने सम्झिने ।

ग्राफ, चित्र, नक्सा तथा गणितीय तथ्यांकहरुको समेत भाषिक व्याख्या तथा विश्लेषण गर्ने ।

लेखेर प्रशस्त अभ्यास गर्ने गराउने ।

**५) तार्किक सिकाइशैली**ः तर्क, कारण, जिज्ञासा मन पराउने, प्रमाण बिना विषयवस्तु नमान्ने र पुष्टिको आधार लिने र सिकाइ ग्रहण गर्ने सिकारुलाई तार्किकसिकारु र त्यस्तो सिकाइ शैलीलाई तार्किक सिकाइशैली भनिन्छ। हाम्रो तार्किक सोचलाई मस्तिष्कको तालुको खण्डको देब्रे पाटोले नियन्त्रण र निर्देशन गरेको हुन्छ। तार्किकशैली विकासका लागि यो क्षेत्रलाई सक्रिय गर्नुपर्छ । जिज्ञासा, तर्क र समाधान मानव जीवनकै ज्ञानको प्रक्रियाको एक प्राकृतिक स्वभाव र विषय पनि हो। यस्ता सिकारुले गणित, विज्ञान लगायत सबै विषयहरु तार्किक तरिकाले सोचेर पढ्ने र बुझ्ने अनि समाधान गर्ने कोशिश पर्दछन् । साथै माइन्ड म्यापिङ, ब्रन्चिङ ट्री, तार्किक क्रम, कारण र प्रभाव सम्बन्ध जस्ता विविध विधिद्वारा सिकाइ हासिल गरिन्छ। यस्ता सिकारुले तुलनात्मक रुपमा जटिल गणनाहरु गर्नुको साथै चेस, चेकर, बुद्धिचाल, बाघचाल, तासजस्ता गेमहरु खेल्न मन पराउँछन्। त्यही आधारमा उनिहरुको सिकाइ प्रबन्ध मिलाउने कार्य विद्यालयले गर्न बान्छनीय हुन्छ ।

**तार्किक सिकारु र शिक्षकलाई आवश्यक सुझावः**

पाठको मुख्य सन्देश बुझ्ने र बुझाउने ।

वास्तविक मुख्य सूचनाहरु, तथ्यहरु र तथ्यांकहरुको संगठन गर्ने ।

पाठ र साधनलाई रणनीतिक मस्तिष्क तर्कमा प्रशोधन गर्न लगाउने ।

विशिष्ट उद्देश्यको निर्माण गरी प्रगतिको अभिलेखीकरण गर्न लगाउने ।

कम्प्युटर तथा मोवाइल गेम सोडुको खेली मस्तिष्कलाई क्रियाशील बनाउने ।

समालोचनात्मक सोच, तार्किक सोच, केन्द्रीकृत सोच, विकेन्द्रित सोच, मस्तिष्क मन्थन, अन्तरक्रिया, कारणात्मक प्रणालीका सिद्धान्तको ज्ञान र प्रयोगको व्यापक अभ्यास गराउने ।

आगमनात्मक तर्क, निगमनात्मक तर्क, शाब्दिक तर्क, साङ्केतिक तर्क, आत्मिक

....बाँकी पृष्ठ ३ मा

# कुटाई खानेको भविष्य उज्ज्वल छ

एकछिन ल !



संप्रस पौडेल

कुटाई जहिल्यै "सेकेण्ड लास्ट" पो हुँदो रहेछ । हुन त घरबाट बिजारोपण भएपछि विद्यालयमा "अब यस्तो बदमासी गरिस् भने..." यहीँबाट सेकेण्ड लास्ट सिद्धान्त स्थापित भएको हुनुपर्छ ।

भन्न त विदेशिएको अभिभावकले विदेशमा कुट्न नपाएरै नेपालमा चाडवाडका नाममा "कुट्ने भ्याकेसन" मिलाएर बच्चासहित आएका पनि भन्लान् । तिनलाई आरोप लाउनुभन्दा दिनदहाडै ठूला ठूला मान्छे कुट्नेहरुकै कुरा गरौं आज ।

यो लेख लेख्नुअघि ठूलै छानेर कुटेछन् र लेख्नुपऱ्यो । अर्को भूतपूर्वको पाँच सात श्राद्ध सकिनुअघि पनि यसैगरी कुटाई खाएका इतिहास ताजै छ । परिवर्तन मैले ल्याएको भन्नेलाई पनि आरुनै पूर्व कार्यकर्ताले पिटेका इतिहास पनि मेटिएको छैन । विद्वान डाक्टर प्रधानमन्त्रीलाई पनि जुत्ताले हानेको कुरा हामै मस्तिष्कमा छँदैछन् ।

केले मात्रै कुटेनन् ? मुक्का, लात्ती, कुर्सी, फ्रेम, जुत्ता के के के के ? द्वन्द्वकालमा गोल्डस्टार र प्रेसर कुकरलाई भैँ यी सबैलाई प्रतिबन्ध लाउने हो भने के पो हुँदो हो ?

कुट्न पनि कहाँ मात्रै कुटेनन् ? चुनावी मैदानमा कुटे । राजनीतिक सभामा कुटे । विद्यालय व्यवस्थापन समितिको चुनावमा कुटे । खेलकूद विकास समिति गठनमा कुटे । राष्ट्रिय हुँदै अन्तर्राष्ट्रिय समाजसम्म पालैपालो अवसर मिलाई मिलाई, तिथी जुराई जुराई कुटे । जोशमा ताकी ताकी कुटे, थकाईले थाकी थाकी कुटे । विकास टारी टारी कुटे, बाहुला सारी सारी कुटे । सदनभित्र कुटे, सडकमा खुल्लै कुटे । अखडामा कुटे, मन्त्रालयमा कुटे ।

यत्रा कुटाई हुँदा हुँदै यो विषयमा लेखकहरुले लाजले, डरले, धम्कीले, पिँडालु उपहार पाउने लोभले, जागिर फुत्केला भन्ने शङ्काले लेख्नै चाहेनन् । जे होस्, कुटाईका यावत् सिद्धान्त हेर्दैगर्दा के प्रष्ट हुन्छ भने कुटाई खाने परम्परा नयाँ भने होइन ।

माथिका आधार र कारणहरुबाट के स्पष्ट हुन आउँछ भने कुटाइ परम्परा मार्क्सवादभन्दा पहिले नै जन्मिएको हो । यो प्रजातन्त्रभन्दा जेठो हो । गणतन्त्र त यसको फुच्चे खनाति पुस्ता मात्रै हो । इतिहासमा जे जे भए पनि गणतन्त्रमा मौलाएर यसले "बर्षौंटे" अभियान चलाइरहेको प्रष्ट छ । यो पार्टीहरुको मेची-महाकाली अभियान, गाउँ फर्क अभियान, गाउँ-गाउँबाट उठ अभियान मात्रै होइन पछाडि फर्क र भाग अभियान, विदेशबाट घर फर्क र आन्दोलनमा सहभागी होउ अभियानभन्दा भिन्न खालको अभियान हो । यसैले यसलाई निरंकुशभन्दा निरंकुशदेखि स्वतन्त्रताका हिमायती सबैले विश्वभर अंगालेको पाइन्छ । यसकै आधारमा भन्न सकिन्छ, निरन्तरको अभ्यासका कारण पनि समाजवाद र कुटपीटबीच साख्खै कुनै न कुनै नाता जोडिएकै हुनुपर्छ ।

तात्तातै कुरा गरौं । अस्ति भर्खर ठूलै व्यवसायीलाई राजनीतिको नाममा कालो मोसो दलिदियो । केही दिनमैँ व्यापारीले "सेकेण्ड लास्ट" आन्दोलनबाट ल्याइसकेको राजा फुत्तै भागेर बेपत्तिएपछि यो देशमा राजा त के राजाका मरेका बा आए पनि कुटपीटको व्यवस्था बदल्न सक्दैनन् भन्ने सोचिरहेथे । एक्कासी गणतन्त्रको राजापक्ष पार्टीले पनि निर्णायक आन्दोलन गर्ने कुरो कता-कता च्यानलतिर पढ्न, सुन्न, हेर्न पाइयो । निर्णायक भनेको पनि त "सेकेण्ड लास्ट" त होला नि भन्ने पनि लागेकै हो । यस्ता आन्दोलनहरुबाट विरक्तिएर भविष्य खोज्नेहरु भागाभाग देखिन्छ । तरकारी गल्लीमा साँझ छ बजे "झोलाको दश, झोलाको दश" मा पनि बिक्री नभएका निर्णायक आन्दोलनहरुले अनुत्पादक कुटाईबाट देशको भविष्य झनै पछाडि परिरहेको पो हो कि ?

यही हप्ता कुटाई, धम्क्याई, थर्काइ, बेइज्जति, भण्डाखोर खबरहरुको युट्युवमा भिडभाड देखियो । शीर्षकबाटै लाखौं भ्यूज कमाउन ताकेकाहरुका बीचमैं तानातान हानाहानकै दृश्य देखिन थालेको छ । अर्थात् बजारमा एक तहका राजनीतिक व्यक्तिलाई "दलालगिरी" भनेर गाली गर्दागर्दैका भाषण राम्रै बिक्री भइरहेका थिए । एकाएक उनका पनि सम्पत्ति करोडका करोड रहेको, सानदार गाडी चढ्ने, काठमाडौंमा कतिवटा बङ्गला भनेर अर्को "हल्लाखोर" च्यानलमा सार्वजनिक भइसकेको रहेछ । बल्लबल्ल "राष्ट्रवादी" जिउँदो सपूत घोषणा गर्दा गर्दै घोषणा सभामैं उपाधि फिर्ता गर्नुपर्ने गरी उनको नेप्सेमा पूरापूर सर्किट हानेको सबैले देख्न थालेछन् ।

देशमा उबेलामा पूरानो व्यवस्था विरुद्धको आन्दोलनलाई थेग्न एउटा सरकारी दस्ता तयार भएको थियो । काम थियो, लौरो बोकेर हुलदङ्गा रोक्ने, ठोक्ने, सकेको भिड्ने । त्यो दस्ता अहिले पेन्सन खाने समयमा पुगिसक्यो । युवा विदेशिरहेका बेलामा आन्दोलनमा सहभागी हुनकै लागि एउटा सरकारी दस्ता तयार गर्न सके लाखौंले रोजगारी पाउने ज्ञान यहाँबाट पनि लिन सकिन्छ ।

आन्दोलन थेग्ने, सके कुट्ने नसके कुटाई खाने दस्ताको सिङ्गै जीउको बीमा गर्नु पनि परेन । ढाडको मात्रै गरे भैहाल्यो । गठन गर्न सके तिनलाई सबै दलले साझा रुपमा आन्दोलनमा प्रयोग गर्न पाउँथे । मासिक तलब तोक्ने काम गरे आन्दोलनमा नेतालाई बोक्ने, विपक्षीलाई ठोक्ने गरिहाल्थे । तिनलाई चन्दा उठाउनेदेखि भान्साका धन्दा चलाउनेसम्म प्रयोग गर्न सकिन्थ्यो । आन्दोलनका दिनमा "टिएडिए" सुविधा थप गर्न सके रमाई रमाई महिनामा तीनचारोटा आन्दोलन त्यसैको बलमा गरिदिन्थे । तिनलाई अन्तरप्रदेशदेखि अन्तर जिल्लासम्म भिडाउन सकिन्थ्यो । राष्ट्रपति शिल्ड, प्रधानमन्त्री कप, जिउँदादेखि दश श्राद्ध गरेकासम्मका पूर्व/भूतपूर्व प्रधानमन्त्री कप, उपराष्ट्रपति भलिबल हुँदै टोलकपसम्ममा तिनीहरुकै बीचमा प्रतिष्पर्धा गराउन सकिन्थ्यो ।

तिनलाई साइबर सेनामा भर्ती गरे "एयरपोर्टमा सुन छ, पुलिसले थुन्छ, पत्याउने कुन छ ?" यस्ता भाष्यहरु पैदा हुँदैनथे । यो स्तम्भकारजस्तै मामुली लेखकदेखि ख्वाक्क खोक्ने बित्तिकै "डलरे" मानिएका लेखकसम्म, बुढी फकाउने कविता लेख्नेदेखि अन्तर्राष्ट्र थर्काउने कविसम्म, विद्यालय धाउने शिक्षकदेखि विश्वविद्यालय सिध्याउने विद्वानसम्मलाई यही दस्ताले काम तमाम गर्ने आँकलन गर्न सकिन्छ नै ।

यसरी हेर्दा राजनीति गर्नेका भाउ र आलुप्याजको भाउ कतिखेर घटबढ हुन्छ कुनै पत्तो नै नहुँदो रहेछ भन्ने कुरा मात्रै स्थायी देखियो । यसर्थ यो आलेख "सेकेण्ड लास्ट" मात्रै हो । लेख्दा लेख्दै एकाएक "राष्ट्रवादी" भइएला भन्ने खुशी र तुरुन्तै "खुइलिएर अराष्ट्रिय डलरे" पो भइएला कि भन्ने पीर सँगसँगै आइलाग्यो ।

अन्ततः कुटाईको नेप्से बढेका बढ्यै छ । काम गर्नेहरुलाई खेदेका खेद्यै गरेपछि बाँकी रहेका रोगी र बुढाबुढीले कति कुट्लान् ? कुटे पनि के दुख्ला ? राजनीति गर्नेहरुको भविष्य उज्ज्वल छ । दुईचार कुटाई खाऔं तर हरेस नखाऔं । सबैकुरा हाम्रै पालामा सम्भव छ । जदौ ।

# शिक्षक संघको शैक्षिक अन्तरक्रिया

समाज संवाददाता

हेटौंडाः नेपाल शिक्षक संघ मकवानपुरको आयोजनामा शैक्षिक अन्तरक्रिया तथा नेतृत्व विकास कार्यक्रम सम्पन्न भएको छ । शनिबार हेटौंडामा मकवानपुरका दश वटै स्थानीय तहका पदाधिकारी तथा सदस्यहरुलाई प्रशिक्षण दिइएको संघका सचिव श्रीराम लुइटेलले जानकारी दिनुभयो ।

प्रशिक्षण कार्यक्रममा मकवानपुरका १ सय ५० जना शिक्षकहरुको सहभागिता गरेको थियो । नेपाल शिक्षक संघका निवर्तमान केन्द्रीय वरिष्ठ उपाध्यक्ष यमपी भुसालले प्रशिक्षण दिनुभएको हो । नेपाल शिक्षक संघ मकवानपुरका अध्यक्ष गणेश हुमागाईको अध्यक्षता तथा नेपाली कांग्रेस बागमती प्रदेश सभापति इन्द्रबहादुर बानियाँको प्रमुख आतिथ्यमा कार्यक्रम भएको हो ।

कार्यक्रममा नेपाल शिक्षक संघ बागमती प्रदेश अध्यक्ष दीपक सिम्खडा, नेपाली कांग्रेस मकवानपुर जिल्ला सभापति बुद्ध लामा, नेपाल शिक्षक संघका केन्द्रीय सदस्य रामकुमार अधिकारी, नेपाल शिक्षक संघ बागमती प्रदेश सदस्य ज्ञानेन्द्र बर्तौलालगातको उपस्थिति रहेको थियो ।

# शिविरमा ६२१ जनाको स्वास्थ्य जाँच

समाज संवाददाता

हेटौंडाः लायन्स क्लब अफ काठमाडौं, तारकेश्वरको आयोजनामा भएको वृहत् स्वास्थ्य शिविरमा ६ सय २१ जनाले जाँच गराएका छन् । शनिबार हेटौंडा-१२ स्थित सनराइज बोर्डिङ स्कूल पदमपोखरीमा भएको शिविरमा वडाबासीहरु ६ सय २१ जनाले सेवा लिएको विद्यालयका संस्थापक रामकुमार श्रेष्ठले जानकारी दिनुभयो ।

शिविरमा उच्च रक्तचाप, मधुमेह परीक्षणका साथै महिलाहरुको पाठेघर तथा स्तन क्यान्सरसम्बन्धी परीक्षण भएको थियो । स्वास्थ्य शिविरमा हेटौंडा-१२, १३ र १४ का बासिन्दाहरुले जाँच गराएका थिए ।

शिविरमा भरतपुर क्यान्सर अस्पतालका २ जना डाक्टरसहितको टोलीले सेवाग्राहीलाई सेवा दिएको थियो । वडाका बासिन्दाले आफ्नो स्वास्थ्यको बारेमा जानकारी तथा निःशुल्क उपचार पाउन् भन्ने उद्देश्यले शिविर आयोजना गरेको श्रेष्ठले जानकारी दिनुभयो । शिविरमा जिल्ला समन्वय समिति मकवानपुरका प्रमुख ललित घलानको प्रमुख आतिथ्य तथा लायन्स क्लब अफ काठमाडौं, तारकेश्वरकी अध्यक्ष पार्वती खरेल पाण्डेको विशिष्ट आतिथ्य रहेको थियो ।

# आजका विद्यार्थी...

तर्कबाट विषयको पुष्टि र पुनर्पुष्टि गर्ने गराउने ।

**६) सामाजिक सिकाइ शैली**: समुहमा बस्न रुचाउने, साथीसङ्गी बनाउने, समूह समुहको छलफल र अन्तरक्रिया र सामाजिकीकरणबाट बढी मात्रामा सिकाइ हासिल गर्ने सिकारु सामाजिक सिकारु र त्यस्तो सिकाइ शैलीलाई सामाजिक सिकाइशैली भनिन्छ । निधारको खण्ड र कन्चटको खण्डले धेरैजसो हाम्रो सामाजिक क्रियाकलापलाई संचालन गरेको हुन्छ । विषयवस्तुमा केन्द्रित हुन समूह निर्माण गरी विचारहरु सिर्जना गर्दछन् । यस्ता सिकारुहरुले समुदायका मुख्य समस्याहरुमा बढी चासो दिने र समस्या समाधानका उपायहरुमा छलफल गर्ने गर्दछन् । गाउँ-घर र समाजमा मिलेर बस्छन् र एक एर्कोलाई मद्दत गर्छन् ।

**सामाजिक सिकारु र शिक्षकलाई आवश्यक सुझाव :**

एक आपसमा मिलेर सहयोगात्मक भावनाका साथ सिक्ने सिकाउने ।

सिकाइमा वृद्धि गराउन भूमिका प्रदर्शन, अन्तरक्रिया र प्रस्तुतीकरणमा जोड दिने ।

सिकाइमा समन्वय गर्ने ।

भाषिक अन्तरक्रिया कार्यक्रममा भाग लिने ।

सामाजिकीकरण भै समाजका समस्या समाधानमा सरिक गराउने ।

अरुको विवरणको ज्ञान लिन अन्तरवार्ता, सर्वेक्षण र प्रश्नवलीको प्रयोग गर्ने ।

सामाजिक मेलमिलाप, भाइचारा तथा सामाजिक व्यवहार सिक्ने सिकाउने ।

सामाजिक उतरदायी र सहानुभूतिको भावना जागृत गराउने ।

बाल क्लब, रेडक्रस, स्काउट, हेल्पिङ ग्रुप जस्ता सामाजिक संस्थामा सहभागी गरेर त्यसको माध्यमबाट सिक्ने सिकाउने ।

**७) स्वःकेन्द्रित सिकाइशैली**: एक्लै बस्न रुचाउने, स्व-अध्ययन र एक्लै कार्य गरी बढी सिक्ने सिकारु स्वःकेन्द्रित सिकारु हो भने त्यस्तो सिकाइ शैलीलाई स्वःकेन्द्रित सिकाइशैली भनिन्छ । यस्तो सिकाइलाई मस्तिष्कको निधारको खण्ड, तालुको खण्ड र लिम्बिक प्रणालीले निर्देशित र नियन्त्रित गरेको हुन्छ त्यसैले त्यस क्षेत्रलाई सक्रिय गराउने क्रियाकलाप गराउनु पर्छ । सिकारुले आफ्नो भावना, चाहना र आकांक्षा अनुसार सिक्ने प्रयत्न गर्दछन् । उनिहरु के हुन् र के गर्न सक्छन् भनेर सोची बस्छन् । यस्ता सिकारुहरु अनाश्रित भएकाले हरेक दिनको सिकाइको कार्यमा आफै आफूलाई निर्देशित गर्दछन् । उनीहरु स्व-व्यवस्थापन, स्वनिर्णय र स्व-प्रतिक्रियामा अब्बल हुन्छन् । त्यसैले शिक्षकले उनिहरुका यस्ता शैलीलाई मध्यनजर गर्दै व्याक्तिगत सिकाइ सहजीकरणको कार्य गर्नुपर्छ ।

**स्वःकेन्द्रित सिकारु र शिक्षकलाई आवश्यक सुझावः**

सिकारुलाई शान्त र सुविधाजनक ठाउँमा अध्ययन गराउने ।

व्यक्तिगत सिकाइका लक्ष्य निर्धारण गरी नियमित प्रगतिको लेखा राख्ने ।

सिकाइको लगलाई कायम गर्ने ।

अगाडि सिकेको कुरामा प्रतिबिम्बन गर्ने र नयाँ विषयमा सोच्ने ।

अगाडि सिकेको कुरा र नयाँ कुरा बीच सम्बन्ध पत्ता लगाउने र सिक्ने ।

आत्मनिर्देशित कार्य गर्ने ।

इन्ट्रोस्पेक्टिभ र स्वप्रतिक्रिया क्षमता गर्ने ।

आफ्ना सवल र दुर्वल पक्ष पत्ता लगाउने ।

समय समयमा स्वःमूल्यांकन गर्ने ।

**८) प्राकृतिक सिकाइशैली**: वास्तवमा सम्पूर्ण कुराको सार तत्व नै प्रकृति हो । बालक प्रकृतिकै सबैभन्दा सुन्दर सिर्जना हो । बालकका सिकाइ शैली पूर्णरुपले प्राकृतिक हुन्छन् । राल्फ वाल्डो इमर्शनले भनेका छन्, "हामी प्राकृतिक अवलोकनकर्ता हौं र त्यसपछि सिकारु । यो नै हाम्रो प्राकृतिक अवस्था हो ।" प्रकृति नै ज्ञान र विज्ञानको श्रोत हो । रुसोले त अझ "किताबहरु जलाऊ, पर्खालहरु भत्काऊ र बालकलाई प्रकृतिको काखमा लगेर फ्याँक" भनेका छन् । यस्ता सिकारुहरु प्रकृतिक बोटबिरुवा, जनावर चट्टान, पहाड, हिमाल घुम्न र धारणा बनाउन र रमाउन मन पराउँछन् । उनिहरु प्राकृतिक मनोरम दृश्य, पर्यावरण, जैविक विविधता, पारिस्थितिक प्रणाली र त्यसको सन्तुलनमा आफुलाई आनन्द मान्छन् र त्यसैबाट सिक्छन् । बालकको सिकाइशैली प्राकृतिक हुने हुँदा शिक्षकले पुस्तकरुपी बालकको पन्ना-पन्नाको अध्ययन गर्नुपर्छ र उसको जो शैली छ त्यही अनुसारको सहजीकरण गर्नुपर्छ ।

**प्राकृतिक सिकारु र शिक्षकलाई आवश्यक सुझाव :**

प्रकृतिमा भएका कुराहरु बालकलाई नै प्रत्यक्ष अवलोकन, प्रयोग र परीक्षण गर्न दिने ।

सुन्दर र मनोरम प्रकृतिमा आनन्दित हुने ।

जीवनको आवश्यकता अनुसारको ज्ञान दिने वातावरणको सिर्जना गर्नु । बालकले प्राकृतिक अवस्थाले सिक्ने । नयाँ पारिस्थितिक प्रणालीको ढाँचाको पहिचान गर्ने । वनस्पति र जीवजन्तूको पहिचान गरी वर्गीकरण गर्न लगाउने । क्षेत्र भ्रमण, अवलोकन तथा तथ्यांकको अभिलेखीकरण जस्ता सिकाइका पद्दतिको प्रयोग गर्न लगाउनु । वास्तविक प्राकृतिक जीवनशैलीतर्फ बालकलाई विचरण गराउने । यसरी सिकारु स्वयम्ले आफ्नो सिकाइशैलीको पहिचान गरेर सोहीअनुसार पढ्ने र सिक्ने हो भने पढाई र सिकाइमा सही बद्लाव आउँछ र सफलतातिर उन्मुख हुन मद्दत मिल्छ । शिक्षकले पनि सिकारुकै सिकाइशैली अनुसारकै सिकाइ सहजीकरण विधि र पद्दतिको अवलम्बन गरी शिक्षण गर्ने हो भने नेपालको मौजुदा सिकाइ उपलब्धिमा उल्लेखनीय वृद्धि हुने हुन्छ । सिकारुले सुनेर, देखेर, गरेर, शाब्दिक, तार्किक, सामाजिक, व्यक्तिक, प्रकृतिक आदि कुन एक तरिका वा एक भन्दा बढी शैलीबाट धेरै सिक्छ त्यहीअनुसार शिक्षण गर्नु बान्छनीय हुन्छ । सिकारुका सिकाइशैली अनुसारका विद्यालय खोलेर शिक्षण गर्ने हो भने त झन् आफ्नो रुचि र शैलीअनुसारको विद्यालय छानी-छानी खुसीले पढ्न पाउँछन् र उपलब्धि पनि निश्चित नै उच्च हुन्छ । यसर्थ सिकारुको सिकाइ शैली पहिचान गरौं र सोही अनुसार शिक्षण गरौं ।

*प्रधानाध्यापक, जालपादेवी मावि, मकवानपुरगढी-६, डुम्रेकुना*


हेटौंडा रिफरेन्स ल्याबरोटरी

ELISA, CLIA तथा फुल्लि अटोमेटेड मेसिनद्वारा रगतको स्पेसल जाँचहरु गरिन्छ ।



Papcytology
-थाईराईड
-क्यान्सर
-रक्तअल्पता
-वाथरोग
-बाँझोपन
-भाइरस सम्बन्धी सम्पूर्ण परीक्षण गरिन्छ ।

साथै रगत, दिसा, पिसाब, पिप कल्चर समेत गरिन्छ ।

(HRL)

खुल्ने समयः विहान ७:00 बजेदेखि बेलुका ७:00 बजेसम्म

सञ्चालनको छोटो अवधिमै हाम्रो सेवालाई विश्वास गर्दै सेवा गर्ने अवसर दिनुहुने सम्पूर्ण सेवाग्राहीप्रति आभारसहित अब प्रत्येक महिनाको दोस्रो शनिबार सुगर जाँच निशूल्क र चौथो शनिबार थाइराइड जाँचमा ५0 प्रतिशत छुट हुने सहर्ष जानकारी गराउँदछौं ।

थप जानकारीको लागि HRL

हेटौंडा रिफरेन्स ल्याबरोटरी

हेटौंडा-१, भिन्तुनापथ सम्पर्क फोन नं.: ०५७-५२०४५७



हार्दिक समवेदना



जन्मः १९९५ मंसिर १५ गते

**स्व. मदन देवी श्रेष्ठ**

स्वर्गारोहणः २०८० मंसिर १९ गते

यस मकवानपुर घरेलु तथा साना उद्योग संघका वरिष्ठ उपाध्यक्ष सूवर्णलाल श्रेष्ठकी ममतामयी आमा **मदन देवी श्रेष्ठ**को निधनको खबरले हामी मर्माहत भएका छौं । **आज १३ औं पूण्यतिथि**मा दिवंगत आत्माको चिरशान्तिको कामना गर्दै शोकसन्तप्त परिवारजनमा हार्दिक समवेदना व्यक्त गर्दछौं ।

गणेशहरि उप्रेती, अध्यक्ष

एवम् मकवानपुर घरेलु तथा साना उद्योग संघ परिवार

हेटौंडा, मकवानपुर



हार्दिक समवेदना



जन्मः १९९५ मंसिर १५ गते

**स्व. मदन देवी श्रेष्ठ**

स्वर्गारोहणः २०८० मंसिर १९ गते

यस मकवानपुर बचत तथा ऋण सहकारी संस्था लिमिटेडका कोषाध्यक्ष भुवनलाल श्रेष्ठकी ममतामयी आमा **मदन देवी श्रेष्ठ**को निधनको खबरले हामी मर्माहत भएका छौं । **आज १३ औं पूण्यतिथि**मा दिवंगत आत्माको चिरशान्तिको कामना गर्दै शोकसन्तप्त परिवारजनमा हार्दिक समवेदना व्यक्त गर्दछौं ।

विजयसागर श्रेष्ठ, अध्यक्ष

एवम् मकवानपुर बचत तथा ऋण सहकारी संस्था लि. परिवार

हेटौंडा-४, स्कूलरोड

# आचार्यलाई युद्धप्रसाद मिश्र स्मृति सम्मान

समाज संवाददाता

हेटौंडाः युद्धप्रसाद मिश्र स्मृति साहित्य सम्मानबाट हेटौंडाका साहित्यकार एवम् शिक्षक पुरुषोत्तम आचार्य सम्मानित हुनुभएको छ । हास्यव्यङ्ग्यकार आरसी रिजालद्वारा स्थापित २२ हजार २ सय २२ रुपैयाँ राशिको युद्धप्रसाद मिश्र स्मृति साहित्य सम्मान २०८० बाट शनिबार आचार्यलाई सम्मान गरिएको हो ।

प्रगतिशील लेखक संघ मकवानपुरको आयोजनामा हेटौंडा-१० स्थित सोलिड्यारिटी बोर्डिङ स्कूलको सभाहलमा आयोजित कार्यक्रममा साहित्यकार आचार्यद्वारा लिखित जुनेली खण्डकाव्यको गृहविमोचना तथा परिचर्चा कार्यक्रममा उहाँलाई सम्मान गरिएको छ । प्रगतिशील लेखक संघ मकवानपुरका अध्यक्ष श्रीराम अधिकारीको सभाध्यक्षतामा आयोजित कार्यक्रममा नवराज शर्माको प्रमुख आतिथ्य रहेको थियो ।

कार्यक्रमलाई सम्बोधन गर्नुहुँदै प्रमुख अतिथि शर्माले आर्चायको रचनाहरुको धेरै चर्चा भइरहेको बताउनुभयो । उहाँले जनयुद्ध कालमा हिँडिरहेका व्यक्तिहरुको योगदानलाई समेटेर रचनाहरु निर्माण गर्ने गरेको बताउनुभयो । आफूले भोगेको कुराहरलाई समेटेर काव्यको निर्माण गरेकोमा खुशी व्यक्त गर्नुहुँदै आचार्यको अझ प्रगति हुने विश्वास व्यक्त गर्नुभयो ।

नेपालका श्रमजीवी, सर्वहारा, शोषित र उत्पीडित जनताको पक्षमा तथा अन्याय, अत्याचार, असामानता, विसङ्गति र कुसंस्कारका विरूद्धमा लामो समयदेखि जनवादी कविता र गीतसंगीतका माध्यमबाट अनवरतरुपमा जनतालाई सुसूचित र जागरूक बनाउँदै सामाजिक तथा राजनीतिक परिवर्तनका निम्ति अतुलनीय भूमिका निर्वाह गरेको कदर स्वरुप आचार्यलाई सम्मान गरिएको हो । आधुनिक राष्ट्रिय माध्यमिक विद्यालयका शिक्षकसमेत रहनुभएका आचार्यले आफ्नो कृति जुनेली खण्डकाब्यको केही कविताहरु वाचन गुर्नभएको थियो ।

सर्जक सञ्जाल मकवानपुरका संयोजक निमेष निखिल, प्राध्यापक तथा साहित्य सर्जक निरा शर्मा, राजनीतिकर्मी तथा साहित्य सर्जक प्रदीप वालाचन, कमला बराइलीले आचार्यको विमोचित कृतिमाथि परिचर्चा तथा टिप्पणी गर्नुभएको थियो । सर्जक आचार्यले आफ्नो खण्डकाव्यमार्फत् विभिन्न व्यक्तिहरुले भोगेको सुखदुःखका विषयमा कलम चलाएर प्रस्तुत गरेको सर्जक सञ्जाल मकवानपुरका संयोजक निखिलले बताउनुभयो ।

धेरै वर्ष पहिला आफूले भोगेको कुराहरुलाई आचार्यले कवितामा प्रस्तुत गरेको बताउनुहुँदै खण्डकाव्यमा प्रकृतिले प्रकृतिसँगै प्रश्न गरेर प्रकृतिमार्फत् उत्तर आएको साहित्यकार निरा शर्माले बताउनुभयो । अर्की टिम्पणीकर्ता कमला बराइलीले आचार्यको काव्यले जीवनको हरेक कुरालाई समेटेको विश्वास व्यक्त गर्नुभयो । प्रदीप बालचनले सामाजिक विषयलाई काव्यमार्फत् मानिसहरुको सामाजिक अवस्था, गोठाले जीवनलाई सकारात्मक ढंगबाट चित्रण गरेको बताउनुहुँदै जुनेली काव्यमार्फत् विभिन्न कुराहरु सिक्न सकिने विश्वास व्यक्त गर्नुभयो ।

कक्षा ९, १० मा पढ्दा कविताप्रति रुचि बढेकाले साहित्य सिर्जनामा क्रियाशील बनेको सम्मानित हुनुभएका आचार्यले बताउनुभयो । उहाँले कृति रचना गर्दा समाज र घरपरिवारको साथ सपोर्ट हुनुपर्ने बताउनुभयो । कलाकार आइपी आचार्य, नमस्ते दीवाकर घिमिरे र एलिसा पराजुलीले जुरेली काव्यखण्डसँग सम्बन्धित नाटक प्रस्तुत गर्नुभएको थियो ।

कार्यक्रममा बागमती गाउँपालिकाका अध्यक्ष सर्केश घलान, बागमती प्रदेशसभा सदस्य प्रेमबहादुर पुलामी, जिल्ला समन्वय समिति मकवानपुरका प्रमुख ललित घलान, हेटौंडा उपमहानगरपालिका वडा नम्बर ४ का वडा अध्यक्ष नवीन सिग्देल, मातृभूमि साहित्य समाज मकवानपुरका अध्यक्ष माधव पोखरेललगायतको उपस्थिति रहेको थियो ।

# २३ जनाले रक्तदान गरे



समाज संवाददाता

हेटौँडाः मानवेश्वर युवा क्लबको आयोजनामा २३ जनाले रक्तदान गरेका छन् । शनिबार बिहान हेटौँडा-९, धापटोलमा रक्तदान कार्यक्रमको आयोजना गरिएको थियो । कार्यक्रममा वडाअध्यक्ष सुकराम केसीले पनि रक्तदान गर्नुभयो । रक्तसञ्चार केन्द्र हेटौँडाको प्राविधिक सहयोगमा रक्तदान कार्यक्रम भएको हो ।

यसअघि बिहिबार र शुक्रबार पनि रक्तदान कार्यक्रम भएको थियो । बिहिबार हेटौंडा-१७, हटियास्थित हटिया बचत तथा ऋण सहकारी संस्था लिमिटेडले आयोजना गरेको रक्तदान कार्यक्रममा २२ जनाले र त्तदान गरेका थिए भने शुक्रबार सानिमा बैंकको हेटौंडा शाखाको आयोजनामा भएको रक्तदान कार्यक्रममा ३२ जनाले रक्तदान गरेका थिए ।

# पब्लिक क्याम्पस संघ मकवानपुरको अध्यक्षमा कँडेल



सुवासचन्द्र कँडेल

समाज संवाददाता

हेटौंडाः नेपाल पब्लिक क्याम्पस संघ मकवानपुरको अध्यक्षमा सुवासचन्द्र कँडेल निर्वाचित हुनुभएको छ । शनिबार निर्मल बहुमुखी क्याम्पसमा भएको प्रथम अधिवेशनले निर्मल बहुमुखी क्याम्पसका प्रमुख कँडेलको अध्यक्षतामा सर्वसम्मत नयाँ समिति चयन गरेको हो ।

मकवानपुर जिल्लाका ६ वटा सामुदायिक क्याम्पसका प्रतिनिधिको सहभागिता रहेको थियो । संघको सचिवमा वंशगोपाल बहुमुखी क्याम्पसका प्रमुख लक्ष्मण कँडेल र कोषाध्यक्षमा पालुङ्ग बहुमुखी क्याम्पसका प्रकाश पौडेल चयन हुनुभएको छ । यस्तै सदस्यमा डीबी स्याङ्बो, चुडाराज उप्रेती, बालकृष्ण शर्मा र गोविन्द बर्तौला चयन हुनुभएको सहायक प्राध्यापक राममणि बर्तौलाले जानकारी दिनुभयो । बागमती प्रदेश सरकारकी सामाजिक विकास मन्त्रि कुमारी मुक्तानको प्रमुख आतिथ्यमा अधिवेशनको उद्घाटन कार्यक्रम भएको हो ।

उद्घाटन समारोहमा पब्लिक क्याम्पस प्राध्यापक संघका केन्द्रीय अध्यक्ष सत्रुघन गुप्ता, जिल्ला समन्वय समिति मकवानपुरका प्रमुख ललित घलान, मकवानपुर बहुमुखी क्याम्पसका सञ्चालक समिति अध्यक्ष अनन्तप्रसाद पौडेल, निर्मल बहुमुखी क्याम्पसका अध्यक्ष राजकुमार भेटवाल, वंशगोपाल बहुमुखी क्याम्पसका अध्यक्ष उज्ज्वल चौलागाई, मकवानपुर बहुमुखी क्याम्पसका प्रमुख डा. शंकरप्रसाद उपाध्यायको पनि उपस्थिति रहेको थियो । पदमपोखरी बहुमुखी क्याम्पसका प्रमुख निबन्ध लामाको संयोजकत्वमा अधिवेशन भएको हो ।

# मनहरीमा अध्यक्ष कप फुटबल सुरु

समाज संवाददाता

हेटौंडाः मकवानपुरको मनहरी गाउँपालिकामा चौथो संस्करणको अध्यक्ष कप नकआउट फुटबल प्रतियोगिता सुरु भएको छ । शनिबारबाट मनहरी-७ स्थित मदन भण्डारी क्षेत्रीय रंगशालामा सुरु भएको प्रतियोगिताको उद्घाटन बागमती प्रदेशसभा सदस्य ईन्द्रबहादुर बानियाँले गर्नुभएको हो ।

प्रतियोगितामा मनहरीका ९ वटा वडाका टिमको सहभागिता रहेको छ । प्रतियोगिताको उद्घाटन खेलमा ८ नम्बर वडाले विजयी सुरुवात गरेको छ । ८ नम्बर वडा ले ९ नम्बर वडालाई १-० गोलअन्तरले हराउँदै विजयी सुरुवात गरेको हो ।

८ नम्बर वडाको लागि रुपेश स्याङ्तानले खेलको अन्तिममा गरेको गोल नै निर्णायक बन्यो । म्यान अफ दि म्याच स्याङ्तान नै घोषित भएका छन् । म्यान अफ म्याच हुन सफल भएका स्याङ्तानलाई पालिका अध्यक्ष रञ्जन कालाखेतीले २ हजार रुपैयाँ प्रदान गर्नुभयो ।

प्रतियोगितामा उपाधि विजेता टिमले नगद १ लाख रुपैयाँ र उपविजेता टिमले ५० हजार रुपैयाँसहित शिल्ड, मेडल र प्रमाणपत्र प्राप्त गर्नेछन् । प्रतियोगिताअन्तर्गत् आज आइतबार पहिलो खेल ५ र ६ नम्बर वडाबीच हुनेछ भने दोस्रो खेल १ र ७ नम्बर वडाबीच हुने आयोजक मनहरी गाउँपालिका खेलकुद विकास समितिले जनाएको छ ।

# हेटौँडा इन्फिल्डर्समा शाही

समाज संवाददाता

हेटौँडाः हेटौँडा इन्फिल्डर्सको अध्यक्षमा राजक शाही चयन हुनुभएको छ । शनिबार सम्पन्न दसौं वार्षिक साधारणसभाले शाहीको अध्यक्षतामा नयाँ समिति चयन गरेको हो । इन्फिल्डर्स मोटरसाइकल प्रयोगकर्ताको समूहको रुपमा रहेको हेटौँडा इन्फिल्डर्सले सामाजिक सेवाको क्षेत्रमा काम गर्नुका साथै देशका विभिन्न भागमा भ्रमण गर्दै पर्यटन प्रवर्द्धनमा पनि योगदान गर्दै आएको छ ।

साधारणसभाबाट उपाध्यक्षमा सुदीप चौलागाई, सचिवमा सजुकाजी बास्ताकोटी, सहसचिवमा सुदीप गुप्ता, कोषाध्इक्षमा अनिल श्रेष्ठ चयन हुनुभएको छ । यस्तै सदस्यमा सुजन उप्रेती, जितेन नेपाली, सुनिल लोप्चन, रविन्द्र विक्रम सापकोटा चयन हुनुभएको छ । साधारणसभाले सल्लाहकारमा सौरभ श्रेष्ठलाई चयन गरेको छ ।

**प्रधानमन्त्री कप एकदिवसीय क्रिकेट प्रतियोगिताका लागि टिम दर्ता गर्नेसम्बन्धी सूचना**

प्रधानमन्त्री कप एकदिवसीय राष्ट्रिय क्रिकेट प्रतियोगिताका लागि मकवानपुर जिल्ला टिम छनौट गर्नुपर्ने भएको हुादा यस जिल्लामा रहेका क्रिकेट क्लबहरुले जिल्ला भित्र बसोवास गर्ने खेलाडी समावेश भएको क्रिकेट क्लब, कलेज, एकेडेमी लगायत टिम दर्ता गर्नका लागि यो सूचना प्रकाशित गरिएको छ ।

टिम दर्ता अन्तिम मितिः २०८० पौष ५ गतेसम्म
दर्ता शुल्कः रु १० हजार प्रतिटिम
छनौट प्रतियोगिताः पौष ६ गतेदेखि
**नोट**ः प्रतियोगिता एकदिवशिय स्वरुपमा हुनेछ साथै खेलाडीलाई दिवा खानाको व्यवस्था रहनेछ ।

सम्पर्कः ९८४५०२८२१३/९८२१२६२२४५
मकवानपुर क्रिकेट संघ
हेटौंडा, मकवानपुर

**हार्दिक समवेदना**



जन्मः
१९९५ मंसिर १५ गते

**स्व. मदन देवी श्रेष्ठ**

स्वर्गारोहणः
२०८० मंसिर १९ गते

मकवानपुर क्रिकेट संघका निवर्तमान अध्यक्ष आदरणीय बासुलाल श्रेष्ठकी ममतामयी आमा **मदन देवी श्रेष्ठ**को निधनको खबरले हामी मर्माहत भएका छौं । **आज १३ औं पूण्यतिथि**मा दिवंगत आत्माको चिरशान्तिको कामना गर्दै शोकसन्तप्त परिवारजनमा हार्दिक समवेदना व्यक्त गर्दछौं ।

करण महत्रा, अध्यक्ष
एवम् मकवानपुर क्रिकेट संघ परिवार
हेटौंडा, मकवानपुर

आयो टप्प टिप्यो, लग्यो, मिति पुग्यो टारेर टर्दैन त्यो !
इन्द्रै बिन्ति गरुन् झुकेर पदमा त्यो बिन्ति मान्दैन त्यो !!

**हार्दिक श्रद्धाञ्जली**



जन्मः
१९९५ मंसिर १५

**स्व. मदन देवी श्रेष्ठ**

स्वर्गारोहण
२०८० मंसिर १९

यस संघका पूर्व अध्यक्ष स्व : प्रेमलाल श्रेष्ठको धर्मपत्नि एवं संघका पूर्व अध्यक्ष श्री भुवनलाल श्रेष्ठको ममतामयी माता मदन देवी श्रेष्ठको ८५ वर्षको उमेरमा स्वर्गारोहण हुनुभएकाले उहाँको आत्माको चिरशान्तिको कामनासहित शोकसन्तप्त परिवारजनमा हार्दिक समवेदना प्रकट गर्दछौं ।

कृष्ण कुमार गुप्ता, अध्यक्ष
तथा
मकवानपुर उद्योग वाणिज्य संघ परिवार

LUNCHING SOON




मेला हेर्न
हेटौँडा आऔं

**बृहत खेलकुद तथा व्यापार महोत्सव २०८०**

पौष ५ गते देखि पौष १७ गतेसम्म
हेटौंडा-१०, टीसीएन चौर

स्टल बुकिङका लागि
९८५५०६८८७३, ९८५१०५३८०१

मुख्य आकर्षणहरु :
-विभिन्न १३ विधामा जिल्ला, प्रदेश तथा राष्ट्रिय स्तरको खेलकुद प्रतियोगिता
-दैनिक राष्ट्रिय तथा स्थानीय कलाकारको प्रस्तुती
-चर्चित लोक गायक/गायिकाद्धारा लाइभ दोहोरी
-खुल्ला नृत्य प्रतियोगिता
-परम्परागत तथा जिल्लाको संस्कृति झल्किने गरी जात जातिहरुको भेषभुषाको झाकी एवं कला प्रदर्शन ।
-अटोमोबाइल प्रदर्शनी,
-लत्ता कपडा तथा भाँडाकुँडा प्रदर्शनी,
-अन्तराष्ट्रिय स्तरको बाल उद्यान(रोटे पिङ, ड्रयागन, मारुती सर्कस, ब्रेक डान्स, भुत .घर, चिडिया घर र बच्चाहरुको खेलौना)
-राष्ट्रिय तथा स्थानिय खानाको प्रदर्शनी,

दैनिक विभिन्न खेलकुद प्रतियोगिता
खेल स्रष्टा सम्मानित

प्रवेश शुल्क
विद्यार्थी :रू ५०
सर्वसाधारण : रू७०



मुख्य आयोजक
मकवानपुर जिल्ला खेलकुद विकास समिति हेटौंडा

आयोजक
औद्योगिक शान्ति नेपाल संस्था

समृद्धि प्रकाशन प्रा.लि. द्वारा प्रकाशित, ठेगानाः हेटौंडा-४, अजरअमररोड, ०५७-५२६८३०, Email:sambridhasamaj@gmail.com, website:www.samriddhasamaj.com, प्रबन्ध निर्देशकः रोजिना श्रेष्ठ, सम्पादकः सुरेश श्रेष्ठ